# हुप्सेकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## झ्यालबास नवलपरासी (बर्दघाट सुस्ता-पूर्व)गण्डकीप्रदेश नेपाल

## आन्तरिक आयतर्फको बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः-२०७५६/२५**

स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा २(घ)को ६ मा व्यवस्था भएवमोजिम यस हुप्सेकोट गाउँपालिकाको आ.व.२०७५/०७६ को जेठ मसान्त सम्मका लागि देहायबमोजिमको आन्तरिक आय सम्वन्धी ठेक्का वन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यस गाउँपालिका बाट तोकिएको दर रेटमा गाउँपालिकाबाट तोकिएको शर्तहरुको अधिनमा रही ठेक्का लिन इच्छुक (मू.अ.कर दर्ता प्रमाणपत्र , आ.व.२०७५/०७६ सम्मको फर्म नवीकरण, आ.व. २०७३/७४ को आयकर चुक्ता प्रमाण पत्र भएका) फर्मकम्पनी वा व्यक्तिबाट तोकिएको न्यूनतम अंङ्कमा नघट्ने गरी देहायको समयभित्र शिलवन्दी वोलपत्र यस कार्यालयमा पेश गर्नुपर्नेछ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

ठेक्का विवरण

| आय ठेक्का नं. | ठेक्का विवरण | संकलन/उत्खनन गर्नु पर्ने अधिकतम परिणाम (घनफीट) | विक्रि दर(मु.अ.क. बाहेक) | जम्मा न्यूनतम अकं रु. | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| HUP/NCB/०५/०७५/०७६ | कोलिया खण्ड | २३,८१,९१० | रु.४/- | ९५,२७,६४०/- | कबोल अंकको कम्तिमा ५% (पाँच प्रतिशत) | ३,०००/- |

बोलपत्र सम्बन्धी शर्तहरु

१)उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको ३०औ दिन सम्म कार्यालय समय भित्र वोलपत्र खरिद गरी ३१औ दिनको १२ वजे भित्र यस कार्यालयमा शिलवन्दी वोलपत्र बुझाउनु पर्नेछ,३१औं दिन सम्म प्राप्त वोलपत्रहरु सोही दिन २ वजे वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ , वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि कार्यलय प्रतिनिधिको रोहवरमा वोलपत्र खोल्न बाधा पर्नेछैन।

२)यस कार्यालयबाट प्रमाणीत भएका बोलपत्र फारम बोलपत्रदाता स्वयं वा रितपूर्वकको लिखित वारेश पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नु पर्नेछ।

३)बोलपत्र फारम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नं. , मु.अ.क. को प्रमाणपत्र तथा आ.ब. २०७३/७४ को कर चुक्ताको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

४)बोलपत्र फारम भरी पेश गर्दा आँफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट लेखि कबोल अंकको कम्तिमा ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको कावासोति स्थित रा.बा. बैङ्कमा रहेको खाता नं. ३२००३०३००७१०७ मा रकम जम्मा गरेको सक्कल बैङ्क भौचर वा मान्यता प्राप्त बैङ्कले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैङ्क जमानी पत्र सिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ। कबोल गरेको रकमको अकं र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

५) यस पूर्व यस कार्यालयबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन तर बोलपत्र पेश गर्नुभन्दा पहिले फरफारक गरेमा बोलपत्र पेश गर्नमा कुनै बाधा पर्ने छैन।

६)बोलपत्र स्विकृत भएपछि बोलपत्र दाताले मान्यता प्राप्त बाणिज्य बैङ्कले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा २०७६कार्तिक मसान्त सम्म म्याद भएको रितपूर्वकको बैङ्क जमानी पत्र (Performance Bond)पेश गर्नुपर्नेछ।

७) स्विकृत ठेक्का अंकलाई तिन किस्तामा विभाजन गरिएको छ। पहिलो किस्ता ५०%, दोस्रो किस्ता २५% र तेस्रो किस्ता २५% मध्ये पहिलो किस्ताको ५०% सम्झौताको बखत दाखिला गरी बाँकीदोस्रो र तेस्रो किस्ता वापतको ५०% को हकमा जमानत बापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैङ्कबाट २०७६कार्तिक मसान्तसम्म मान्य हुने बैङ्क ग्यारेन्टि ( Performance Bond) पेश गर्नु पर्नेछ।पहिलो किस्ताको ५० % रकम सम्झौता समय भित्र भुक्तान गर्नु पर्नेछ। ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाइने छैन।

८) ठेक्का सम्झौता गर्दा कबोल अंकको मु.अ.क. (VAT) १३% र अग्रिम आयकर बापतको १.५% रकम थप गरी कुल सम्झौता रकम कायम गरिने छ।

९) कुनै शर्त राखि पेश गरेको हुलाकमार्फत पठाएको र रित नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन।

१०) पेश भएका बोलपत्र कारण खुलाई वा नखुलाई स्विकृत गर्ने वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

११) प्राकृतिक साधन उपयोग तथा विक्रि कर असूल गर्दा प्रथम पक्षले तोकिदिएको दररेटमा मात्र असूल गर्नु पर्नेछ।

१२) गिरुवारी खोलामा सिमाना तोकि उत्खनन क्षेत्र कायम गरिएको छ।

१३) बोलपत्र फारम खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलिपल्ट सोही समयमा खरिद दर्ता तथा खोल्ने कार्य गरिनेछ।

1४) यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त वोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदाहरु र ठेक्का स्विकृती पश्चात सम्झौता उल्लेख गरिने शर्तहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।

1५) कार्यालयले सूचना गरी सम्बन्धित पक्षलाई Pre-Bid Meeting माबोलाउन सक्नेछ ।

1६) यस सूचनातथावोलपत्र साथ संलग्नअन्यशर्तहरु पुरा नभएकावोलपत्रहरु मूल्यांङ्कनमा समावेशगरिने छैन ।

1७) अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानूनबमोजिमहुनेछ ।

1८)अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमासम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत